# आ.व. २०७८/७९ को बार्षिक बजेट

आदरणीय सभाध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरू, झापा गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभामार्फत प्रस्तुत गर्न पुनः एकपटक म यहाँहरु माझ उपस्थित भएको छु । पुरानो शासन सत्ता राजतन्त्रात्मक शासन व्यवस्था प्रणालीको अँध्यारो युगको अन्त्य गरी जनप्रतिनिधि मार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराउने क्रममा आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । कोभिड १९ को कारणले स्वदेश तथा विदेशमा ज्यान गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सङ्क्रमितहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभाध्यक्ष महोदय,

संविधान कार्यान्वयको महत्वपूर्ण आधारहरू निर्माण गरी राजनैतिक संक्रमण कालको अन्त्य भई देश विकास र समृद्धिको सुखद चरणमा प्रवेश गरी "समृद्ध नेपाल सुखी नेपाली"को मूल मर्म अनुसार कार्य थालनी गर्ने एउटा जिम्मेवार सदस्यको हैसियतमा तपाईं हामीलाई पाउँदा अत्यन्तै खुसी साथै गौरवान्वित महसूस भएको छ । स्थानीय तहको निर्वाचन पश्चात् निर्वाचित जनप्रतिनिधिमार्फत यस गाउँसभामा चार वर्षको बजेट यस अघि पेश भई कार्यान्वयन समेत भइसकेको छ । आज म हाम्रो पहिलो कार्यकालको पाचौं बार्षिक बजेट प्रस्तुत गर्न गईरहेको छु । हामीले निर्वाचनको समयमा घोषणापत्र मार्फत देखाएका विकासको सपना पूरा गर्ने समयको उत्तरार्द्धमा प्रवेश गरिसकेका छौं । विगतका चार आर्थिक वर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै सुविधा सम्पन्न, सम्भावना युक्त गाउँपालिका बनाउन अब थोरै समय मात्र बाँकी रहेको यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले हालसम्म विनियोजन गरेको बजेट मार्फत सञ्चालित योजनाहरुले यस गाउँपालिकाको नागरिकको जीवनस्तरमा आएको परिवर्तन तथा समग्र मानवविकासमा आएका सुधार , अन्य स्थानीय सरकार र हाम्रा विकासका प्रयासका समानता र नयाँपन , हामीले लिएका नीति तथा कार्यक्रमले "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय अभियानमा पुगेको योगदानको सन्दर्भ समीक्षा गर्दै अगाडि बढ्नुपर्ने समय आएको छ ।

सभाध्यक्ष महोदय,

कोरोना भाइरसको दोश्रो लहरबाट विश्वकै समग्र अर्थतन्त्र प्रभावित बनेको छ । नेपालमा समेत यस महामारीका कारण सबै विकासका कार्यक्रमहरु प्रभावित भएको अवस्था छ । राज्यका सबै शक्ति र संयन्त्र नै यस महामारी विरुद्ध परिचालित हुनुपरेको छ । तीनै तहका सरकारहरु यसको असरबाट कसरी मानव अस्तित्त्वलाई सुरक्षित राख्ने र सिथिल अर्थतन्त्रलाई चलायमान बनाउने भन्ने ध्यानमा केन्द्रित भएको अवस्था छ । यस महामारीको असरका कारण संघीय सरकार र प्रदेश सरकार तथा अन्य विकासका साझेदारहरुबाट यस गाउँपालिकाको विकास र समृद्धिका लागि प्रतिबद्धता गरिएको करिब ३ करोड बराबरको यस गाउँपालिकाको बजेटका योजना तथा कार्यक्रम

प्रभावित बनेको अवस्था छ । यसबाट हाम्रो बजेटमा कत्तिको असर परेको छ , हामी सहजै अनुमान गर्न सक्छौं ।

सभाध्यक्ष महोदय,

नेपालको संविधानले हामीलाई प्रदान गरेको अधिकार, कर्तव्य र दायित्त्वको उचित प्रयोग र कार्यान्वयन गर्न सक्षम बन्दै जानु प्रमुख चुनौती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा यस गाउँपालिकाको विकास आजसम्म निर्भर रहँदै आएको छ । यसो हुनाले गाउँपालिकाको सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिएको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुँदाहुदै पनि पर्याप्त बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूति हुने किसिमले देखाउन सकेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहँदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरिरहेको स्पष्ट छ । हामीले गरेका विकासका प्रयासहरुले जनतामा परिवर्तनको अनुभूति हुन जरुरी हुन्छ । यसर्थ हाम्रो तत्कालीन समयलाई आफ्नो कार्यकाल मात्रै सोच्दै गरिने विकासको शैलीलाई अझ परिवर्तन गरी दीर्घकालीन बनाउनु पर्ने भएको छ ।

सभाध्यक्ष महोदय,,

आ.व. २०७८/७९ को वार्षिक बजेट प्रस्तुत गर्नुभन्दा पहिले म चालु आ.व. २०७७/७८ को हाल सम्मको बजेट कार्यान्वयनको समीक्षा गर्न चाहन्छु ।

चालु आ.व. २०७७/७८ का लागि गत वर्ष २०७७ साल असार १० गते यही सम्मानित गाउँसभाबाट विनियोजित कुल रकम रु ४२ करोड १६ लाख १२ हजार २ सय ३० मिति २०७८ असार ०९ सम्म पुँजीगततर्फ र चालु तर्फ करिब ६० प्रतिशत खर्च भएको छ । कोरोना महामारीका कारण मुलुक नै विगत ३ महिनादेखि लकडाउनको अवस्थामा रहेकाले यस आर्थिक वर्षको अन्त्यसम्ममा थुप्रै पुजीगततर्फका योजनाहरु प्रभावित हुने र करिब ७० प्रतिशतमात्रै खर्च हुने र चालुतर्फका कार्यक्रम समेत ८० प्रतिशतमात्र सम्पन्न हुने अनुमान छ ।

सभाध्यक्ष महोदय ,

निर्वाचनमार्फत यस गाउँपालिकाको विकासको नेतृत्व लिएपश्चात गाउँपालिकाको समग्र विकासमा उल्लेख्य सुधार आएको छ । सडक पूर्वाधारहरुको तीब्र विकास, भौतिक सुधारका थुप्रै योजनाहरु, स्वास्थ्य क्षेत्रको सुधार, जनताको गाँसबास र जनजीविकाका सवालमा गाउँपालिकाले सुरुवात गरेका दर्जनौ कार्यक्रमहरुले गाउँपालिकाको मुहार फेरिने क्रममा रहेको छ । हालसम्म ४ वटा पक्की पुल निर्माण सम्मन्न भएका छन भने ३ वटा ट्रस्ट पुल निर्माण सम्पन्न भैसकेको छन् ।

हालसम्म करिव २१ किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएका छन भने करिब ७ किलोमिटरका सडक कालोपत्रे हुने क्रममा छन् । स्वास्थ्य तर्फ ४ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भईसकेको छ, टाघनडुब्बा स्वास्थ्य चौकी स्तरोन्नति भइ १० शैयाको अस्पताल ठेक्का

सम्झौता सम्पन्न भइ निर्माणको क्रममा छ । त्यसैगरी गाउँपालिकाको प्रशासकीय भवन, वडा १,३,५ र ७ को कार्यालय भवन निर्माण भैरहेको अवस्था छ ।तीनवटै स्वास्थ्य चौकीहरूमा ल्याब स्थापना भई सेवा प्रवाहको व्यवस्था मिलाइएको छ ।कोरोना भाइरसको पहिचान, व्यवस्थापन र रोकथामका लागि निःशुल्क परिक्षण लगायत अस्थायी अस्पताल समेत स्थापना गरी संचालन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट निर्माण गर्न लिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु

- नेपालको संविधान।
- संघीय सरकार तथा प्रदेश सरकारका आवधिक योजना।
- स्थानीय सरकार संचालन ऐन २०७४।
- संघीय तथा प्रदेश सरकारका विभिन्न समयका परिपत्र तथा मार्गदर्शन।
- विभिन्न समयमा गाउँपालिकामा राजनीतिक दल, स्थानीय सरोकारवाला, नागरिक समाज, तथा आम उपभोक्ताहरुको भेलाका निर्णय तथा प्राप्त सुझावहरु।
- गाउँपालिकाले विभिन्न विकासका साझेदारहरुसँग गरेका प्रतिबद्धताहरु।
- विभिन्न विषयगत क्षेत्रका नीति तथा नियमहरु।
- संघीय तथा प्रदेश संसदका प्रतिनिधिज्यूहरुको सल्लाह तथा सुझावहरु।
- वडा समितिबाट प्राप्त माग तथा सुझावहरू।
- दातृ निकायहरूसँग भएका सम्झौताहरू।
- श्रोत साधनको उपलब्धता।
- सरोकारलाहरू सँगको सहमति आदि ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७८/७९ को यस गाउँपालिकाको अनुमानित आयव्ययको प्रमुख विशेषता प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**१. सोच** : झापा गाउँपालिकालाई शान्त, समृद्ध एंव सुविधा सम्पन्न गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

**२. लक्ष्य** : आ.व २०७८/७९ भित्र यस गाउँपालिकाको भौत्तिक एंव सामाजिक विकासमा आम नागरिकहरुको न्यायोचित तथा प्रत्यक्ष सहभागीताको सुनिश्चितता गर्ने स्थितिको सिर्जना गर्ने ।

**३. उद्देश्य :**

"झापाको आधार : कृषिमा आधुनिकीकरण, आर्थिक समृद्धिको पूर्वाधार" भन्ने मुल नारासहित गाउँपालिकाबासीको जीवनस्तरमा परिवर्तन ल्याई गरिवी न्यूनीकरण गर्दै विकासको प्रतिफलमा न्यायोचित वितरण गर्दै परिवर्तनको प्रत्यक्ष अनुभुति गराउने यस बजेटको प्रमुख उद्देश्य हुनेछ ।

**४. सहायक उद्धेश्यहरु :**

- सडक यातायातलाई दिगो बनाउदै ग्रामीण सडकको स्तरोन्नती गर्ने साथै भौतिक पूर्वाधार विकासलाई जोड दिने ।
- गाउँपालिकाभित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणात्मक सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूति दिलाउने ।
- कृषि आधुनिकीकरण मार्फत रोजगारी प्रवर्द्धन गर्ने ।
- शान्त, सहिष्णुता युक्त र सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाहमा छरितो, पारदर्शी तथा जवाफदेही बनाउँदै जनताको घरदैलो सम्म प्रभावकारीता अभिवृद्धि गर्ने ।

**५. प्राथमिकता**

आ.व २०७८/७९ को बजेटको प्राथमिकता क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

- कृषि क्षेत्रको सुरुवात गर्दै कृषिजन्य वस्तुको बजारीकरण।
- सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण।
- स्वास्थ्य, शिक्षा तथा लक्षित वर्गको विकास।
- सामाजिक न्याय तथा समानता सहितको समाज निर्माण।
- गुणस्तरीय सेवाप्रवाहमार्फत सुशासन प्रर्वद्धन।

सभाध्यक्ष महोदय,

सीमित पुँजीबाट अनेकौं क्षेत्रको विकासका ईच्छा, आकाङ्क्षा, चाहना, आवश्यकता परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । कुल बजेटको आकार ठुलो देखिएता पनि हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई माग भएजति रकम विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

२०७८ साल असार ०७ गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गर्ने प्रयास गरेको विश्वास दिलाउन चाहन्छु । अब म आ.व. २०७८/७९ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

आयतर्फ

१. संघीय राजश्व बाँडफाँड : रु ८ करोड २४ लाख ३५ हजार

२. संघीय सशर्त अनुदान : रु १९ करोड २६ लाख

३. संघीय समानीकरण अनुदान : रु १२ करोड ७१ लाख

४. संघीय समपूरक अनुदान : रु १ करोड १३ लाख

५. संघीय विशेष अनुदान : १ करोड ७४ लाख
६. प्रदेश समानीकरण अनुदान : रु ७३ लाख ४६ हजार
७. प्रदेश राजश्व बाँडफाड :रु ४२ लाख २४ हजार ५ सय
८. आन्तरिक आय : रु १ करोड ५० लाख

**जम्मा आय (अनुमानित) : रु ४५ करोड ७४ लाख ५ हजार ५ सय मात्र ।**

यसरी कुल विनियोजित रकम रु ४५ करोड ७४ लाख ५ हजार ५ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको आर्थिक विधेयक २०७८ मा प्रस्तुत गरेको छु र यसको विस्तृत विवरण , कर, दस्तुर, जरिवानाका दरहरु आर्थिक विधेयकको अङ्गको रुपमा पेश गरेको छु ।

<u>व्ययतर्फ</u>

उल्लेखित आयका आधारमा झापा गाउँपालिकाको विनियोजन विधेयक २०७८/७९ देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**१. चालु खर्च तर्फ रु ६ करोड ५३ लाख ४० हजार आर्थिक वर्ष २०७८/७९ का लागि विनियोजन गरेको छु ।**

**२. पुँजीगत तर्फ रकम विनियोजन गर्दै देहाय बमोजिमका उपशीर्षकमा विभाजन गरेको छु**

क. आर्थिक विकास तर्फ रु : रु २ करोड ३३ लाख
ख. पूर्वाधार विकास तर्फ रु : रु. ११ करोड ९० लाख
ग. वन वातावरण विपद तथा सरसफाई : ६ लाख
घ.संस्थागत विकास , सेवा प्रवाह तथा सुशासन : ८ लाख ३५ हजार ५ सय
ङ. सामाजिक विकास : २ करोड ७० लाख ३० हजार

**३. संघीय सशर्त अनुदान : रु १९ करोड २६ लाख**
**४. संघीय विशेष अनुदान : रु १ करोड ७४ लाख**
**५. संघीय समपूरक अनुदान : रु १ करोड १३ लाख**

**जम्मा व्यय (अनुमानित) : रु ४५ करोड ७४ लाख ५ हजार ५ सय मात्र ।**

यसरी कुल विनियोजित रकम रु ४५ करोड ७४ लाख ५ हजार ५ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक,२०७८ मा प्रस्तुत गरेको छु ।

विनियोजन विधेयकका शीर्षकगत बाँडफाँड देहायबमोजिम हुनेगरी विस्तृत रुपमा उल्लेख गरेको छु।
**१. चालु खर्च** शीर्षकका सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ६ करोड ६८ लाख ९० हजार विनियोजन गरेको छु जुन अनुसूचि -१ मा उल्लेख भए बमोजिम रहेको छ ।

२. **पुँजीगत खर्च** शीर्षकका योजना तथा कार्यक्रमहरुका लागि अनुसुची २ देखि ६ बमोजिमको बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

१। नेपाल सरकारबाट सशर्त अनुदान (चालु) गरिव घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम)का लागि रु १९ लाख विनियोजन भएको छ ।

२। सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु ६ करोड विनियोजन गरिएको छ ।

३। माध्यमिक तह स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि रु १ करोड ५१ लाख विनियोजन गरिएको छ ।

४। विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि रु ५ करोड ३७ लाख विनियोजन गरिएको छ ।

५। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार श्रमिक तथा युवा रोजगार रुपान्तरण पहल कार्यक्रमका लागि रु ६२ लाख विनियोजन गरिएको छ ।

६। राष्ट्रिय परिचय पत्र एवं पन्जिकरण कार्यका लागि रु १३ लाख विनियोजन गरिएको छ ।

७। स्थानीय स्तरमा उद्यमशीलता विकासका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न रु २८ लाख विनियोजन भएको छ ।

८। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत कृषि उत्पादन केन्द्र (पकेट) विकासका लागि रु ३१ लाख, कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमका लागि रु ८ लाख, मकै उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि रु २५ लाख प्राप्त भएको छ ।

९। बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न रु ८ लाख, पशुसेवा विभागका लागि रु ३ लाख, आयुर्वेद सेवा कार्यक्रमका लागि रु ३३ लाख, परिवार कल्याण कार्यक्रम रु २७ लाख, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा संचार केन्द्रका लागि रु १ लाख, क्षयरोग निवारणका लागि रु १ लाख, उपचारात्मक सेवा कार्यक्रमका लागि रु १९ लाख, नर्सिंग तथा सामाजिक सेवा कार्यक्रमका लागि रु ६ लाख, महामारी रोग नियन्त्रण कार्यक्रमका लागि रु ९ लाख, प्राथमिक स्वास्थ्य सेवा संचालनका लागि रु १ करोड २३ लाख विनियोजन भएको छ ।

१०। संघीय सरकारबाट प्राप्त समपूरक अनुदान तर्फ कामाटोली बजारदेखि निखिल चोक हुँदै सिमलबाडी सम्म सडक कालोपत्रे योजना सम्पन्न गर्न रु १ करोड १३ लाख बिनियोजन भएको छ ।

११। नेपाल सरकारबाट सशर्त अनुदान (पूजीगत) तर्फ सुरक्षित नागरिक आवास कार्यक्रमका लागि ५६ लाख रुपैया, रानीवन पर्यटन प्रवर्द्धन तथा भौतिक पूर्वाधार निर्माणका लागि रु १५ लाख, नवीकरणीय उर्जा प्रवर्द्धनका लागि रु ८ लाख त्यसैगरी सितुमारी मिलनबस्तीमा झोलुंगे पूल निर्माणका लागि  १७ लाख रुपैयाँ विनियोजन भएको छ ।

१२। तराई मधेस समृद्धि कार्यक्रम मार्फत वडा नं ४ को बोर्डर पेचकर्ती बस्ती उत्तर खयरबारी हुँदै वडा नं ३ को कार्यालयसम्म सडक निर्माणका लागि रु ३५ लाख विनियोजन भएको छ ।

१३। नेपाल सरकारको विशेष अनुदान (पूँजीगत) तर्फ सन्थाल, दलित, मुस्लीम, मधेसी, आदिबासी, जनजाति लगायत विपन्न वर्गका लागि १०० वटा आवास निर्माण गर्न वडा नं १ र २ मा रु १ करोड ८४ लाख प्राप्त भएको छ ।

सभाध्यक्ष महोदय,

माथि उल्लेखित संघीय सशर्त, संघीय समपूरक र संघीय विशेष अनुदान मार्फत विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछाडि अब म आ.व. २०७८/७९ का लागि झापा गाउँपालिकास्तरीय चालु खर्च प्रस्तुत गर्न गइरहेको छु ।

**१४. चालु खर्च तर्फः**

- नेपाल सरकारले कर्मचारीको मासिक तलबमा रु २ हजार वृद्धि गरेको तलबलाई निरन्तरता दिँदै स्थायी तथा करार सेवाका कर्मचारीहरूको पारिश्रमिकका लागि रु २ करोड ६० लाख विनियोजन गरेको छु ।
- झापा गाउँपालिकाको स्रोतबाट तलब खाने करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षाका क्षेत्रमा समेट्ने उद्देश्यका साथ संचयकोषमा आवद्ध गर्न सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट १०% कट्टा गरी सोहि बराबर थप गरी संचय कोषमा जम्मा गर्नका लागि रु १३ लाख विनियोजन गरेको छु ।थप कर्मचारी व्यवस्थापन गर्न रु १० लाख विनियोजन गरेको छु ।
- झापा गाउँपालिकाका सम्पूर्ण बाल शिक्षक तथा विद्यालय कर्मचारीहरूका लागि नेपाल सरकारले प्रदान गर्ने रकममा रु ७ हजार थप गरी प्रतिमहिना रु १५ हजार तलब पुर्याउनका लागि रु ५६ लाख विनियोजन गरेको छु ।
- झापा गाउँपालिकामा रहेका मदरसाहरूको व्यवस्थापन गर्नका लागि रु ३२ लाख ४० हजार विनियोजन गरेको छु ।
- वडास्तरीय चालु खर्चका लागि रु २८ लाख विनियोजन गरेको छु ।
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्न स्थायी कर्मचारीहरूलाई पर्यटन विदा सहित भ्रमण तथा अन्य भ्रमण खर्चका लागि रु १३ लाख, विविध खर्च रु २० लाख, सभा संचालन खर्च रु ४ लाख, घरभाडा रु ८ लाख, सवारी साधन मेसिनरी ७ लाख, भैपरी आउने चालु खर्च १० लाख, गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठीका लागि रु १ लाख, अध्ययन,अनुसन्धान, अवलोकन भ्रमण कार्यक्रम (जनप्रतिनिधि तथा कर्मचारी) खर्च २ लाख, ऐन नियम कार्यविधि निर्माण २ लाख, कार्यक्रम अन्य खर्च ४ लाख, इन्धनका लागि रु १२ लाख, सवारी साधन मर्मत १२ लाख, बिमा तथा नवीकरण रु ३ लाख, मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च ३ लाख, मसलन्द तथा कार्यालय सामग्री रु २३ लाख , पुस्तक तथा सामग्री खर्च १ लाख, इन्धन अन्य प्रयोजन (सुरक्षा निकायका लागि) रु १ लाख, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च १९ लाख, सेवा तथा परामर्श खर्च रु १० लाख, कर्मचारी बैठक भत्ता रु २ लाख, पदाधिकारी बैठक भत्ता रु १५ लाख, पदाधिकारी सुविधा रु ६०

लाख, कर्मचारी कल्याण कोषका लगी रु ४ लाख, पानी तथा बिजुली रु ४ लाख, संचार ७ लाख, सवारी साधन भाडा ३ लाख, अन्य भत्ताका लागि ४ लाख रुपैयाँ गरी जम्मा **रु ६ करोड ५३ लाख ४० हजार** चालु खर्च तर्फ विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको पूँजीगत खर्चको बिनियोजन देहाय बमोजिम रहने गरी प्रस्तुत गर्न गइरहेको छु ।

१५.<u>आर्थिक विकास तर्फ</u>

- सहकारी विकासका लागि रु ६ लाख, मकैको बिउका लागि बढीमा २५% र धानको बिउका लागि बढीमा ५०% अनुदान किसानलाई प्रदान गर्नका लागि उन्नत बिउबिजन खरिद तथा वितरणका लागि रु ५० लाख विनियोजन गरेको छु | कृषक, कृषि समूह, सहकारी तथा अन्य संघसंस्था सँगको साझेदारीमा कृषिजन्य मेसिनको खरिद (कुटी काट्ने, मकै छोड्याउने) तथा वितरणका लागि रु ३५ लाख, कृषि क्षेत्रमा विद्युत विस्तार तथा व्यवस्थापनका लागि रु १ करोड, कृषकलाई सिंचाई कार्यको लागि विद्युत महसुलमा बढीमा २५% सम्म अनुदान प्रदान गर्नका निमित्त रु ३० विनियोजन गरेको छु तथा कृषक तालिमका लागि रु २ लाख गरी जम्मा रु २ करोड २३ लाख कृषि तथा सहकारीका लागि विनियोजन गरेको छु ।
- पशु सेवा विकास तर्फ नश्ल सुधार कार्यक्रमका लागि रु ३ लाख, पशु आहारका लागि घाँसको बिउ वितरण रु १ लाख, पशु रोग नियन्त्रण तथा औषधि खरिदका लागि रु २ लाख गरी जम्मा रु ६ लाख विनियोजन गरेको छु ।
- त्यसैगरी पर्यटन क्षेत्रको विकासका लागि रु ४ लाख विनियोजन गर्दै झापा गाउँपालिकाको समग्र आर्थिक विकासका लागि रु २ करोड ३३ लाख बजेट विनियोजन गरेको छु ।

१६.<u>पूर्वाधार विकासका तर्फ</u>

- वडास्तरीय योजनाका लागि प्रत्येक वडामा रु ५१ लाखका दरले रु ३ करोड ६० लाख, झापा गौरवका आयोजनाका लागि रु ४ करोड ९० लाख, समपूरका कोषका लागि रु ६० लाख, सानातिना मर्मतका लागि रु ६५ लाख, आकस्मिक कोषमा रु ५० लाख, बिपन्न आवास कार्यक्रमका लागि रु ७० लाख, गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु ५० लाख, कार्यालयलाई प्रविधिमैत्री बनाउन सफ्टवेयर खरिदका लागि रु १५ लाख, आवधिक योजना, आइ.इ.इ, डी पि.आर लगायत परामर्श सेवाका लागि रु १५ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना संचालन गर्न सामग्री खरिदका लागि रु ५ लाख, लक्ष्मीमार्ग (हनुमान चोकदेखि सिमलबाडी सम्म)

स्तरोन्नति गर्नका लागि रु १० लाख विनियोजन गर्दै समग्र पूर्वाधार विकासका लागि जम्मा रु ११ करोड ९० लाख विनियोजन गरेको छु ।

**<u>१७. वन वातावरण तथा सरसफाई तर्फ</u>**

- वन तथा वृक्षरोपण कार्यक्रमका लागि रु २ लाख, फोहोरमैला, सरसफाई तथा खानेपानी व्यवस्थापन गर्न रु ४ लाख गरी वन वातावरण तथा सरसफाई तर्फ रु ६ लाख विनियोजन गरेको छु ।

१८.<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ</u>

- सामाजिक परिक्षण, सार्वजनिक सुनुवाईका लागि रु १ लाख, मेसिनरी औजार व्यवस्थापन गर्नका लागि रु २ लाख ३५ हजार ५ सय, कर्मचारी सूचना प्रविधि तालिमका लागि रु २ लाख, मेलमिलाप कर्ताहरूका लागि पूनर्ताजगी तालिमका लागि रु १ लाख, न्यायिक समिति अध्ययन अवलोकन खर्च रु १ लाख तथा मेलमिलाप समितिको कार्यालय व्यवस्थापनका लागि रु १ लाख गरी संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन तर्फ जम्मा रु ८ लाख ३५ हजार ५ सय विनियोजन गरेको छु ।

१९.<u>सामाजिक विकासका तर्फ</u>

- **शिक्षा :**

शिक्षा विकासका लागी रु १० लाख, विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवं जनता र डिल्लीराज मा.वि. मा निःशुल्क प्लस टु शिक्षा प्रदान गर्न रु ६० लाख, नौ कक्षामा अध्ययनरत छात्रालाई साइकल वितरण गर्नका लागि रु २० लाख, विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम (मुस्लीम, एस.ई.ई. मा प्रथम गर्ने विद्यार्थी, प्राविधिक शिक्षा, तुस्रा हेमरम) रु ५ लाख, विद्यालय संचालन अनुदान रु ३ लाख र झापा गाउँपालिकामा कलेज संचालन गर्नका लागि जनता मा.वि,लाई रु १० लाख विनियोजन गर्दै शिक्षा तर्फ रु १ करोड ८ लाख रकम विनियोजन गरेको छु ।

- **स्वास्थ्यः**

- कोरोना रोगको रोकथाम तथा उपचार व्यवस्थापन गर्न रु ५ लाख, योग तथा ध्यान विपासना कार्यक्रम संचालन गर्न रु १ लाख, आयुर्वेद सेवाका कार्यक्रमहरू संचालन गर्न रु ४ लाख, सबै जातजाति, भाषा धर्म संस्कृतिका विपन्न परिवार र विपन्न वर्गका दलितको लागि स्वास्थ्य विमा कार्यक्रमका लागि ५ लाख, उपाध्यक्ष मातृ शिशु स्याहार कार्यक्रमका लागि रु ३ लाख, झापा गाउँपालिकाका गर्भवती महिलालाई झापा जिल्लाभरीका अस्पताल सम्म लैजानका लागि निःशुल्क एम्बुलेन्स सेवा (जिरो होम डेलिभरी) प्रदान गर्नका लागि रु ५ लाख विनियोजन गरेको छु ।

- स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकी र स्वास्थ्य शाखाको मर्मत तथा कार्यालय सामग्री खरिदका लागि रु १ लाख, जनता उपचार कोषमा रु ३ लाख, महिला स्वास्थ्य स्वयमसेविकालाई दिदै आएको मासिक प्रोत्साहनमा रु ५०० वृद्धि गरी रु २५०० पुर्याइएको छ जसका लागि रु ९ लाख ३० हजार विनियोजन गरिएको छ ।
- ल्याब सामग्री व्यवस्थापनका लागि रु ३ लाख ५० हजार तथा झापा गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकलाई सुगर,प्रेसर लगायतका औषधिहरू निःशुल्क रुपमा प्रदान गर्नका लागि औषधि खरिद गर्न रु १० लाख विनियोजन गरेको छु ।

➢ **युवा तथा खेलकुदः**

- अध्यक्ष कप फुटबल, भलिवल,क्रिकेटलाई निरन्तरता दिँदै रु ६ लाख, उपाध्यक्ष खेलकुद विकासका लागि रु १ लाख ५० हजार, अन्य खेलकुद विकास कार्यक्रमका लागि रु ४ लाख, युवा उद्यमशीलता प्रवर्द्धन अभिमुखीकरण र विकासका लागि रु ३ लाख, खेलाडी सम्मानका लागि रु १ लाख, झापा गाउँपालिकास्तरीय रास्ट्रपति रनिंग शिल्ड कपका लागि रु १ लाख तथा झापा गाउँपालिकाकाका युवाशक्तिलाई साहित्य क्षेत्रतर्फ आकर्षण गर्न रु ५० हजार साहित्य विकासका लागि विनियोजन गरेको छु ।

➢ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

- मधेसी, दलित, मुस्लीम, फरक क्षमता खस आर्य, जनजाति, आदिबासी तथा पिछडिएका वर्गका महिलाहरूलाई निजामती सेवातर्फ आकर्षण गर्न विशेष क्षमता अभिवृद्धि कार्यक्रम तथा कानुनी सचेतनाका लागि रु ३ लाख, मुस्लीम, आदिबासी, जनजाती, पिछडिएका वर्ग, आर्थिक रुपले विपन्न खस आर्य लगायत सबै महिलाहरूको शिप विकास क्षमताका लागि रु ७ लाख, बाल पोषण तथा प्रति सुत्केरी सहायता रु २००० का दरले रु ५ लाख, प्रबिधिमैत्री झोला निर्माण तथा सिलाईबुनाईका लागि रु ३ लाख गरी महिला विकास तर्फ रु १८ लाख विनियोजन गरेको छु ।
- ८४ वर्षमाथि, विदुर एकल ज्येष्ठ नागरिक भत्ता, सबै धर्म वर्ग, लिंग,क्षेत्रका ज्येष्ठ नागरिकको भ्रमण तथा अन्य कार्यक्रमका लागि रु १८ लाख विनियोजन गरेको छु
- दलित बालबालिका जन्मदर्ता प्रोत्साहनका लागी रु ५० हजार, बालबालिकासँग अध्यक्ष तथा उपाध्यक्ष संवाद अन्तरक्रिया कार्यक्रमका लागि रु ५० हजार, विभिन्न दिवस तथा अन्य कार्यक्रमका लागि रु ५० हजार र सबै वडामा बाल क्लब गठन तथा व्यवस्थापनका लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु ।

➢ शहीद परिवार तथा यस गाउँपालिकाका स्थायी बासिन्दा भई हाल कुनै पनि सेवाको विशिष्ठ पदमा पुगेका कर्मचारी सम्मान कार्यक्रमका लागि रु १ लाख, अपांग सशक्तिकरण कार्यक्रम तथा अपाङ्गता केन्द्रको कार्यालय व्यवस्थापनका लागि रु ३ लाख ५० हजार, बिभिन्न धर्म, परम्परा, संस्कारको जगेर्ना गर्न रु ३ लाख, शर्पदंश निःशुल्क उपचार सहायता प्रदानका

लागि रु ५ लाख र झापा गाउँपलिकाबासीलाई निः शुल्क रगत प्रदान गर्नका निमित्त रु ४ लाख विनियोजन गरेको छु ।

- जन्म, मृत्यु संस्कार कार्यक्रमलाई रु २ हजार वृद्धि गरी रु १० हजारका दरले प्रदान गर्न रु २० लाख विनियोजन गरेको छु ।
- झापा गाउँपालिकामा स्थायी रुपले बसोबास गरेका मासिक २० युनिट भन्दा कम विद्युत खपत गर्ने घर परिवारको विद्युत शुल्क स्थानीय सरकारले बेहोर्ने व्यवस्था मिलाइएको छ जसका लागि रु २० लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७८/७९ का लागि विनियोजित झापा गौरवका आयोजना तथा तथा अन्य कार्यक्रमहरूका प्रस्तुत गर्न गइरहेको छु

- वडा नं. १

| | | |
|---|---|---|
| १ | बोर्डरदेखी झापासम्म कालोपत्रे | रु ५० लाख |
| २ | अमरसिंह प्रा.वि. बाट पश्चिम पिपलबोट हुँदै सितुमारी जाने बाटो ग्राबेल | रु ५ लाख |
| ३ | लसुनगञ्ज पक्की पुलबाट पश्चिम सालमारासम्म बाटो ग्राबेल | रु ५ लाख |
| ४ | सरस्वती आ.वि.देखि उत्तर बगान हुँदै सेतुमारीसम्मको बाटो निर्माण | रु ५ लाख |
| ५ | कृषि मार्ग ग्राबेल निर्माण | रु ५ लाख |

- वडा नं. २

| | | |
|---|---|---|
| १ | सुरक्षीत नागरिक आवास | रु ५० लाख |
| २ | कुवाडी बजारबाट पश्चिम मलामी टहरा जाने बाटो निर्माण र कज्वे | रु ५ लाख |
| ३ | विद्यालयहरुलाई मर्मत सुधार | रु ५ लाख |
| ४ | सुफलको घरदेखी पश्चिम बाँधसम्म मलामी सडक ग्राबेल | रु ५ लाख |
| ५ | हवल्दार बस्तीदेखी आर्यघाटसम्मको बाटो ग्राबेल | रु ५ लाख |

- वडा नं. ३

| | | |
|---|---|---|
| १ | कामाटोली बजारदेखी ३ नं. वडा कार्यालय हुँदै खयरबारीसम्म कालोपत्रे | रु ३५ लाख |
| २ | सिमलबाडी बजारमा मन्दिर निर्माण | रु ५ लाख |
| ३ | भानुभक्त प्रा.वि. पश्चिम पिचदेखी चर्तागाछी जाने बाटो ग्राबेल | रु ७ लाख |
| ४ | भानुभक्त प्रा.वि. घेराबारा | रु ५ लाख |
| ५ | मुस्लिम समुदायको कबरस्थान घेराबारा रुहीमारी | रु ५ लाख |
| ६ | मुखियाको घरदेखी पूर्व जाने बाटो ग्राबेल | रु ४ लाख |
| ७ | जहितको घरदेखी महेसको घर हुँदै कालोपत्रे जोड्ने बाटो ग्राबेल | रु ५ लाख |
| ८ | केदार वि.क.को घर अगाडी बक्स पुल निर्माण | रु ४ लाख |

➢ वडा नं ४

| | | |
|---|---|---|
| १ | खयरबारी हुँदै कामाटोलि बजार जाने बाटो वडा नं ३ को सिमाना सम्म कालोपत्रे | रु. ३५ लाख |
| २ | काइला बाजेको कामत उत्तर चर्तागाछी चोक पश्चिम दोसकी ट्रान्सफर्मर सम्म स्तरीय ग्राबेल | १२ लाख |
| ३` | बच्चुटोल बासबारी हुँदै कुदुस गाउँसम्म स्तरीय ग्राबेल | ०८ लाख |
| ४ | बेलायतीबारी पूर्व बगान जाने र ग्रहनलालको बाँधमा फलामेपूल वा कल्बर्ट निर्माण | १५ लाख |

➢ वडा नं. ५

| | | |
|---|---|---|
| १ | पन्थापाडा बजार ढलान | रु १० लाख |
| २ | पन्थापाडा जाने कालोपत्रेदेखी दक्षिण सिमलडाँगी जाने बाटो ग्राबेल | रु ५ लाख |
| ३ | रामब्रिज साफीको घरदेखि दक्षिण पुरानो शरणामति बजारबीच हुँदै दक्षिण हकलाबारी पिच बाटो सम्म जोड्ने बन्द गरेको अधुरो बाटोलाई पिच | रु ५० लाख |
| ४ | संकर महतोको घरदेखि उत्तर खादोको घर हुँदै पश्चिम कालोपत्रे बाटो सम्म ग्राबेल | रु ५ लाख |

➢ वडा नं. ६

| | | |
|---|---|---|
| १ | कनकाई बजार शरणामती ढलान | रु १० लाख |
| २ | दुर्गा चोकबाट पश्चिम त्रिवेणी चोकसम्म जाने बाटो ग्राबेल | रु १० लाख |
| ३ | गौरबको आयोजना | ५० लाख |

➢ वडा नं. ७

| | | |
|---|---|---|
| १ | गौरवको आयोजना | रु ७० लाख |

सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०७८/७९ मा वडा स्तरबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

**<u>वडा नं १ तर्फ</u>**

| क.स. | आयोजनको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा स्तरिय मर्मत | रु ६ लाख | |
| २ | शेरमहम गाउँको बाटो ग्राभेल | रु १ लाख ५० हजार | |
| ३ | सलुनगंज इदंगहा घेरावेरा | रु १ लाख ५० हजार | |
| ४ | सुफलको घरदक्षिण बोर्डर सम्म ग्राभेल | रु १ लाख | |
| ५ | हनुमान मन्दिर लसुना | रु २ लाख | |
| ६ | भगवती मन्दिर वेलायतीवारी | रु १ लाख | |
| ७ | सत्सग मन्दिर मा शौचालय निमार्ण | रु २ लाख | |
| ८ | वीरसिंङ बाटो मर्मत | १ लाख ५० हजार | |
| ९ | जय नारयण कोच टोलको बाटो निमार्ण, ग्राभेल | रु १ लाख | |
| १० | वेलइतीवारी मदर्सा निमार्ण | रु २ लाख | |
| ११ | आर्यघाट निमार्ण | रु २ लाख | |
| १२ | जलथल टोल देखि नदी जानेबाटो | रु १ लाख | |
| १३ | लाम्सेको घर देखि दक्षिण वगान जाने बाटो मर्मत तथा ग्राभेल | १ लाख ५० हजार | |
| १४ | बौद्ध मन्दिर निमार्ण | रु ५० हजार | |
| १५ | झापा युवा परिवार कार्यलय व्यवस्थापन | रु ५० हजार | |
| १६ | किरात मन्दिर सितुमारी | रु १ लाख | |
| १७ | लक्ष्मी नारायण मन्दिरमा शौचालय | १ लाख | |
| १८ | कल्मुटोल इदगाह घेरावेरा | रु २ लाख | |
| १९ | रहमान इदगाह घेरावेरा | १ लाख ५० हजार | |
| २० | दानेश्वरको घर जाने बाटो ग्राभेल | रु २ लाख | |
| २१ | कलभर्ट देखि नवरअलीको घर सम्म बाटो ग्राभेल | रु २ लाख | |
| २२ | इस्माइल मीया बस्ती देखि पश्चिम मिलन वस्ती जानेबाटो | रु २ लाख | |
| २३ | छैट माता चोक देखि वडा कार्यालय जाने बाटो रेखाङकन | रु १ लाख | |
| २४ | स्माई सतारको घर देखि प्रधान घर जाने बाटो निमार्ण | रु १ लाख | |
| २५ | आर्यघाट जाने बाटो मर्मत | १ लाख ५० हजार | |
| २६ | कन्काई बाल वि.के. ख | रु १ लाख | |
| २७ | सरस्वती आ.विद्यालय सुधार | रु १ लाख | |
| २८ | सितुमारी प्र.वि. सुधार | रु १ लाख | |
| २९ | अमर सिंह प्रा.वि. सुधार | रु १ लाख | |

| | | | |
|---|---|---|---|
| ३० | सालमारा प्रा.वि. सुधार | रु १ लाख | |
| ३१ | सितुमारी पैनी मर्मत | रु १ लाख | |
| ३२ | खेलकुद सामाग्री | रु १ लाख | |
| ३३ | संथाली माझी थान निमार्ण | रु १ लाख | |
| ३४ | सालमारा मदर्सा वेरावेरा | रु १ लाख | |
| ३५ | लसुनगंज मदर्सामा बाटो पुर्ने काम | रु १ लाख | |
| ३६ | भगवती मन्दिर दक्षिण रंगीटोल बाटो निमार्ण | रु ५० हजार | |
| | जम्मा रकम | रु ५१ लाख | |

## वडा नं २ तर्फ

| क्र.सं. | आयोजनाको नाम | विनियोजित रकम रू. | कै |
|---|---|---|---|
| १ | गणेशथान मन्दिर देखि बगान सम्म ह्युमपाईप जाडान सहित ग्राभेल गर्न | ३,००,०००।- | |
| २ | ओमशान्ती मन्दिर भौतिक सुधार | २,००,०००।- | |
| ३ | कुमारखोद कृषि बजार मार्ग ग्राभेल | २,५०,०००।- | |
| ४ | प्रेरस कृषि फर्म मार्ग | १,५०,०००।- | |
| ५ | सिमलबाडी बाँसेपुल देखि पश्चिम जाने बाटो रेखान्कन | १,००,०००।- | |
| ६ | अधुरो खड्का कुलस्थानको निर्माण तथा व्यवस्थापन | २,५०,०००।- | |
| ७ | श्यामसुन्दर बगान मार्ग ग्राभेल मर्मत | २,००,०००।- | |
| ८ | काली प्रसादको घरदेखि सुंगाबथान सम्म जाने बाटो ग्राभेल मर्मत | २,५०,०००।- | |
| ९ | प्रगानको घर पुर्व बगानबाट खोको जाने बाटो निर्माण | ३,००,०००।- | |
| १० | कामत बस्ती ग्रामथान निर्माण | ५०,०००।- | |
| ११ | प्रगान गाउँमा माझी थान | ५०,०००।- | |
| १२ | कामत बस्ती भित्री बाटो मर्मत | ५०,०००।- | |
| १३ | नयाँबस्ती चर्च मर्मत | ५०,०००।- | |
| १४ | सोनालाल मार्ग ग्राभेल | १,५०,०००।- | |
| १५ | रामेश्वरको घरदेखि टेनीयाको घरसम्म बाटो निर्माण | १,००,०००।- | |
| १६ | गंगामाया टुडुको गाउँमा माझीथान निर्माण | ५०,०००।- | |
| १७ | सिर्जना बस्ती ग्रामथान निर्माण | ५०,०००।- | |
| १८ | महेन्द्र दवाडीको घरदेखि न्यौपानेको घरसम्म बाटो ग्राभेल | १,००,०००।- | |
| १९ | महादेव राजवंशीको घर देखि विष्णु अधिकारीको घर सम्म बाटो ग्राभेल | १,००,०००।- | |
| २० | बानाम हेमरमको घर छेउमा राम मन्दिर निर्माण | ५०,०००।- | |

| | | | |
|---|---|---|---|
| २१ | सुफल सतारको घर छेउमा माझी थान निर्माण | ५०,०००।– | |
| २२ | छैतालुको घर छेउमा ग्रामथान | ५०,०००।– | |
| २३ | शिवलालको घरदेखि दक्षिण पिपल बोट सम्म बाटो ग्राभेल | २,००,०००।– | |
| २४ | सरिता लिब्बुको घर देखि गोपाल खड्काको घर हुँदै हुलाकी सडक सम्म ग्राभेल | २,००,०००।– | |
| २५ | सुकदेवको घरदेखि मिलन बस्ती जाने बाटो मर्मत | १,००,०००।– | |
| २६ | श्रेष्ठ गाउँमा ग्राभेल | १,००,०००।– | |
| २७ | सानोमाई नदि कटान नियन्त्रण | २,००,०००।– | |
| २८ | काजी बहादुर खतिवडाको घरदेखि बस्तेतको घर हुँदै वरपिपल सम्म ग्राभेल मर्मत | ३,००,०००।– | |
| २९ | छैट माता चौकमा बिश्रमालय | २,००,०००।– | |
| ३० | शिवजी पोखरी उत्तर नदिसम्म बाटो मर्मत | १,५०,०००।– | |
| ३१ | अयुव मियाको घर दक्षिण बाटो ग्राभेल | १,००,०००।– | |
| ३२ | साविक वडा नं. ५ को कब्रस्थान घेराबारा | १,००,०००।– | |
| ३३ | आर्यघाट निर्माण | २,००,०००।– | |
| ३४ | बालुवाटार बाल विकास केन्द्र भौतिक सुधार | ५०,०००।– | |
| ३५ | इलाका स्वस्थ्य चौकी जाने बाटो निर्माण | ५०,०००।– | |
| ३६ | मर्मत तथा अन्य | २,५०,०००।– | |
| **जम्मा रूपैया** | | **५१,००,०००।–** | |

## <u>वडा नं ३ तर्फ</u>

| क.स. | योजनाका नाम | रकम |
|---|---|---|
| १ | सिमलबाडी उत्तर बेलडागी जाने बाटो मर्मत | १ लाख ५० हजार |
| २ | कुमर सिंह घर पश्चिम २ नं. सिमाना सम्म बाटो मर्मत | १ लाख |
| ३ | दुर्गा राजवंशी घर पूर्व रामराजको घर सम्म बाटो मर्मत | १ लाख |
| ४ | सन्थालको माझीथान निर्माण | १ लाख ५० हजार |
| ५ | पीपल चोक र निखिल चोक देखी पश्चिम २ नं. सिमाना सम्म बाटो मर्मत | १ लाख |
| ६ | सुकलाल घर पश्चिम संग्रौलाको घर सम्म बाटो मर्मत | ५० हजार |
| ७ | फूलसिंह घर पूर्व सानोमाई हुदै झुलुङगे पुल सम्म बाटो मर्मत | १ लाख ५० हजार |
| ८ | रेग्मी घर उत्तर ७ नं.सिमाना सम्म बाटो मर्मत | १ लाख |
| ९ | मलामी टहरा जाने बाटो मर्मत | १ लाख ५० हजार |
| १० | कालोपत्रे दक्षिण डुब्बा घर हुदै चर्च सम्मको बाटो मर्मत | २ लाख |
| ११ | रामजानकी मन्दिरको शौचालय निर्माण | १ लाख |

| | | |
|---|---|---|
| १२ | महिला सामुदायिक भवन निर्माण | १ लाख ५० हजार |
| १३ | सानोमाई सिचाई भवन निर्माण | १ लाख ५० हजार |
| १४ | हेम सुवेदी घर दक्षिण खोला सम्म बाटो मर्मत | १ लाख |
| १५ | चर्च दक्षिण खोला सम्म बाटो मर्मत | १ लाख |
| १६ | भोटाई घर पूर्व स्कुल सम्म बाटो मर्मत | १ लाख |
| १७ | लोकमान घर पश्चिम छत्र दासको घर हुदै कालोपत्रे जोड्ने | १ लाख ५० हजार |
| १८ | जय कुमारको घर देखी गुरू प्रसादको घर सम्म बाटो मर्मत | १ लाख |
| १९ | संजेलको घर दक्षिण भीमको घर सम्म बाटो मर्मत | ५० हजार |
| २० | त्रिपाठी सरको घर देखी महेन्द्र राजवंशीको घर सम्म बाटो मर्मत | १ लाख ५० हजार |
| २१ | लक्ष्मी खतिवडाको घर दक्षिण हरि सुवेदी घर हुदै खयरबारी जोड्ने बाटो मर्मत | १ लाख |
| २२ | अशोक घर उत्तर महेन्द्र माझीको घर सम्म र धनवीर घर पश्चिम चम्पा देवीको घर सम्म बाटो मर्मत | ५० हजार |
| २३ | कालोपत्रे पश्चिम यूनिशको घर पश्चिम फज्लुको घर सम्म बाटो मर्मत | १ लाख ५० हजार |
| २४ | अकबर घर उत्तर कबरस्थान सम्मको बाटो मर्मत | २ लाख |
| २५ | जेबुल घर उत्तर वंगठु मियाको घर सम्म बाटो मर्मत | १ लाख |
| २६ | कालोपत्रे पश्चिम नया मस्जिद सम्म बाटो ग्राबेल | १ लाख ५० हजार |
| २७ | ईस्लाम घर दक्षिण डाडागाउ हुदै कालोपत्रे सम्म बाटो मर्मत | १ लाख ५० हजार |
| २८ | पूरण लाल घर देखी पश्चिम वृकचनको घर सम्म बाटो मर्मत | १ लाख |
| २९ | मुखिया चोक देखी सहनको घर हुदै अमरपथ जोड्ने बाटो मर्मत | १ लाख |
| ३० | पूरण लाल घर पश्चिम चौकियाको घर सम्म र विष्णु घर पूर्व कालोपत्रे जोड्ने एकनाथ घर पूर्व कालोपत्रे जोड्ने र गमक लालको घर पश्चिम कालोपत्रे जोड्ने बाटो मर्मत | १ लाख |
| ३१ | जनजागृती चर्च घेराबेरा | १ लाख |
| ३२ | नारायणको गछकाली मन्दिर निर्माण | १ लाख |
| ३३ | टेक नारायण गणेशको ग्रामथान निर्माण | १ लाख |
| ३४ | मेनेजर माझीको घर देखी रूम मियाको घर सम्म बाटो मर्मत | १ लाख |
| ३५ | ह्यामपाईप खरिद | २ लाख |
| ३६ | १०० थान ट्युबवेल खरिद | ५ लाख |
| ३७ | वडास्तरीय मर्मत संभार | ५ लाख |

| | | |
|---|---|---|
| ३८ | मुखिया टोलको अधुरो ग्रामथान निर्माण | १ लाख |
| ३९ | खड्ग बस्नेतको घरपूर्ब गछकाली मन्दिर निर्माण | १ लाख |
| | | ५४ लाख |

**<u>वडा नं ४ तर्फ</u>**

| क.सं | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | लम्बुको घर पश्चिम गाईगोठ, सेन्टुको घर पश्चिम कृषि मार्ग, कलामको घर पूर्व वोर्डर सम्म ग्राभेल | ३ लाख |
| २ | चौधरीबस्ती पक्खु गणेश घर हुदै बच्चुटोल सम्म मर्मत तथा ग्राभेल गर्न | ३ लाख |
| ३ | वडा भरीका ग्राम थान र भगवतीथान निर्माण | ७ लाख |
| ४ | टाघनडुब्बा साना किसान सहकारी सामाग्री खरिद | १ लाख |
| ५ | जगदम्बा प्रा.वि.का लागि | २ लाख |
| ६ | बालविकास केन्द्र | २ लाख |
| ७ | मदरसा भवन मर्मत (सुकुम्वासी, भामबस्ती, दोसाखी) | ३ लाख |
| ८ | मदरसा गरिब नवाजको छत ढलान | ३ लाख |
| ९ | विपन्न नागरिकको लागि विद्युत मिटर वितरण | १ लाख |
| १० | शिवालय मन्दिर मर्मत | १ लाख |
| ११ | हनुमान मन्दिर निर्माण | १ लाख |
| १२ | मञ्झीथान निर्माण | १ लाख |
| १३ | मंगलबारे बजार व्यवस्थापन | १ लाख |
| १४ | गच्छकाली मन्दिर मर्मत | ५० हजार |
| १५ | यशु प्राथना भवन निर्माण | १ लाख |
| १६ | खेलकुद सामाग्री खरिद | ५० हजार |
| १७ | वडा भरीका समसानघाट वा कवरस्थान घेराबारा | ७ लाख |
| १८ | वडास्तरीय विविध खर्च | ४ लाख |
| १९ | अन्सुरको घर उत्तर बगान, उसमानको घर पूर्व ३ नं सिमानासम्म बाटो ग्राबेल | २ लाख ५० हजार |

| | | |
|---|---|---|
| २० | नयाबस्ती दक्षिण बगान, पूर्व बस्ती र लसुनामा ग्राबेल | २ लाख ५० हजार |
| २१ | हुलाकी उत्तर एजाबुलाको गाउँ ५ नं को सिमाना सम्म बाटो मर्मत तथा ग्राबेल | ३ लाख |
| २२ | हुलाकी उत्तर चौधरी बस्ती बमबमको सम्म ग्राबेल | १ लाख |
| | जम्मा | ५१ लाख |

**वडा नं ५ तर्फ**

**१.शिक्षा**

क) श्री महेन्द्र मा.वि.(पंथापाडा) शैक्षिक सुधारका लागी रु-२,००,००० ।

ख) श्री राम जानकी आ.वि.(पुरानो शरणामती) शैक्षिक सुधारका लागी रु-२,००,००० ।

ग)मिसवाहुल उलुम मदरसा रोहीमारी शैक्षिक सुधारका लागी रु-१,००,००० ।

घ)मदरसा दारुसलाम सिमलडाँगी शैक्षिक सुधारका लागी रु-१,००,००० ।

**२.स्वास्थ**

क) नागरिक आरोग्य कार्यक्रम (गाउँ घर क्लीनिक तथा नसर्ने रोग कार्यक्रम रु-२,००,००० ।

**३.मठ-मन्दिर :**

क) खाताबस्तीमा रहेको चर्चको अधुरो वाल घेरावारा सम्पन्न गर्नका लागी रु-१,००,००० ।

ख) उँ शान्ती पाठशाला पंथापाडा घेरावारा र सौचालय निर्माण रु-१,००,००० ।

ग)पूरानो शरणामती बजारमा भएको दुर्गा मन्दिरको छत ढलान रु-३,००,००० ।

घ)राधाबस्तीको रामजानकी मन्दिरको छेउमा हनुमान मन्दिर निर्माण रु-१,२५,००० ।

ङ)मुस्लिम समुदायको ईमगाह घेरावारा रोहीमारी रु-२,००,००० ।

**४.महिला शिपमूलक कार्यक्रम :**

क)महिला सिपमूलक कार्यक्रममा सिलाई बुनाई तथा पारिश्रमिकमा लागी रु-२,००,००० ।

**५. यातायात :**

क)चकचकी जाने बाटोमा फलामे पुल निर्माण गर्नका लागी रु-१,७५,००० ।

ख)राधाबस्ती प्रमिला गणेशको घर दक्षिण बाट पश्चिम तर्फ जाने वडा नं. ६ को सिमाना सम्म जोड्ने बाटोमा

ग्राबेल रु-२,००,००० ।

ग)सुकना तातीको घर देखि पूर्व विरिङ्ग खोलाको डिलसम्म ग्राबेल गर्नका लागी रु-१,५०,००० ।

घ)नेसमहमदको महजीद देखि पूर्व बैगनबेचाको घरसम्म जाने बाटोमा ग्राबेल रु-२,००,००० ।

ङ)पैनीटोला देखि पूर्व सिमलडाँगी गाउँसम्म रहेको अधुरो बाटो ग्राबेल रु-१,००,००० ।

च)पैनीटोला टोला स्थित सैफूदिनको घर देखि पूर्व पट्टा मियाँको घरसम्म जोडिने बाटो ग्राबेल रु-१,००,००० ।

छ)विष्णु चोक पूर्व भगीरथ टोल हुदै विरिङ्ग खोला सम्म जाने बाटो ग्राबेल र बिचमा हेम्पाईप रु-१,००,००० ।

ज)नफिलको घर देखि उत्तर महबुलको घर सम्म ग्राबेल रु-१,५०,००० ।

झ)१८ नं. पिल्लर देखि खयरबारी सम्म जाने बाटो लाई मर्मत रु-२,००,००० ।

ञ)राधाबस्ती रामजानकी मन्दिर देखि दक्षिण बैशागु गणेशको घर हुदै पश्चिम पिच बाटो सम्म जोड्ने बाटो ग्राबेल रु-१,५०,००० ।

ट)फूचकु चोक देखि पूर्व खोला सम्म जाने बाटो माटो सहित ग्राबेल रु-५०,००० ।

ठ) हुलाकी मार्ग देखि दक्षिण काशीलालको घरसम्म जोड्ने बाटो मर्मत रु-५०,००० ।

ड)हुलाकी मागै देखि टुमन लाल राजवंशीको घरसम्म जोड्ने बाटो मर्मत रु-५०,००० ।

ढ)बोंगाचोक मा रहेको भगवती थान देखि मिठालालको घर हुदै शिवनारायण गणेशको घर सम्म ग्राबेल रु-५०,००० ।

**६.कम्प्युटर शिक्षकको पारिश्रमिक रु-२,००,००० ।**

**७.विविध खर्चका लागी रु-६,५०,००० ।**

**८.हेम्पाईप खरिद गर्नका लागी रु-३,००,००० ।**

**९. पुरानो शरणामती बजार ढलान - रु ४,००,००० /-**

## वडा नं ६ तर्फ

**१. शिक्षा ( शैक्षीक सुधार तथा गुणस्तर विकास )**

- जनता मा. वि. शैक्षीक सुधार रु १ लाख ५० हजार
- भृकुटी आ. वि. शैक्षीक सुधार रु १ लाख ५० हजार
- चप्रामारी प्रा.वि. शैक्षीक सुधार रु ५० हजार
- जनआदर्श प्रा.वि. शैक्षीक सुधार रु ५० हजार

**२. स्वास्थ्य**

- शरणामती आयुर्वेद केन्द्र रु १ लाख ५० हजार
- विपन्न वर्गको लागि स्वास्थ्य बिमा कार्यक्रम रु २ लाख

**३. कृषि तथा सिंचाई**

- सुरुङ्गा नहर रु १ लाख
- रातेहोली नहर रु ७५ हजार
- सानोमाई नहर रु ७५ हजार
- अगुवा कृषक अभिमुखिकरण कार्यक्रम रु १ लाख
- बेमौसमी तरकारी खेती तथा टनेल निर्माण तालिम रु १ लाख

**४. यातायात पूर्वाधार निर्माण**

- बियर फ्याक्ट्री पश्चिम देखी हरी प्र. संग्रौलाको घरसम्म जाने बाटो रु १ लाख ५० हजार
- बयरडाँगी पिचदेखी देवी कँडेलको घरसम्म जाने बाटो रु १ लाख
- अमरपथ पश्चिम रुद्र ब. खड्का तथा पूर्व सन्थाल बस्ती जाने बाटो रु २ लाख
- चन्द्र ब. थापाको घरछेउबाट पुलसम्म तथा स्व. लक्ष्मी पौडेलको घरबाट रानी सोरेनको घरसम्म जाने बाटो रु १ लाख ७५ हजार
- बालुबथानबाट बिरिङ्ग खोला जाने बाटो रु २ लाख
- खानेपानी ट्याङ्कीदेखी पूर्व जाने बाटो रु १ लाख ५० हजार
-
- हर्कमाया मार्ग तथा भक्तमाया मार्ग मर्मत रु १ लाख ५० हजार
- चन्द्र बस्तीबाट राधाबस्ती जाने बाटो रु १ लाख ५० हजार
- तामाङ्ग बस्ती उत्तर जाने बाटो रु १ लाख
- रानी बनदेखी प्रणामी टोल आउने बाटो रु १ लाख ५० हजार
- कमल गनगाईको घरदेखी रानीवन हुँदै नेत्र पौडेलको घर जाने बाटो रु १ लाख ५० हजार
- रानामगर सरको घरदेखी उत्तर सात नं. वडाको सिमानासम्म जाने बाटो रु १ लाख
- जेष्ठ नागरिक भवन शरणामती जाने बाटो रु ७५ हजार
- प्रसाई चोकबाट रानी सामुदायीक वन जाने बाटो रु ५० हजार

**५. कनकाई बजार व्यवस्थापन**

- बजार क्षेत्रमा ढल निकास रु ४ लाख

**६. भवन निर्माण**

- सानो चप्रामारी अधुरो जेष्ठ नागरिक भवन निर्माण रु १ लाख ५० हजार
- शनिदेव योग भवन निर्माण रु १ लाख
- गुरुकुल सत्संग भवन निर्माण रु १ लाख

**७. हेम्पाइप खरिद तथा व्यवस्थापन** रु ४ लाख ५० हजार

**८. खानेपानी व्यवस्थापन**

- फिल्टर मेशिन खरिद रु १ लाख ५० हजार

**९. विपन्न वर्गको लागि विद्युत मिटर वितरण कार्यक्रम    रु १ लाख**

**१०. महिला स्वरोजगारको लागि तालिम    रु ५० हजार**

**११. वडास्तरीय मर्मत सम्भार    रु ५ लाख**

**<u>वडा नं ७ तर्फ</u>**

| क.सं | योजनाको नाम | रकम |
|---|---|---|
| 1 | दलित सिपमुलक कार्यक्रम | १,००,००० |
| 2 | महिला सिपमुलक कार्यक्रम | १,५०,००० |
| 3 | खोप केन्द्र मर्मत सम्भार | ३,००,००० |
| 4 | रामजानकी मन्दिर मर्मत संभार | ३,००,००० |
| 5 | मदरगाछ माछा टहरो मर्मत | १,५०,००० |
| 6 | रमितेटोल मलामी टहरो मर्मत | २,५०,००० |
| 7 | चौधरी गाउँ ग्रावेल तथा हेमपाइप जडान | १,०६,००० |
| 8 | मन्टुको घर दक्षिण पश्चिम साखा बाटो र जोगाइ घर पश्चिम रामजानकी जाने बाटो तथा चर्च बाट धनपति थपलियाको घर जाने बाटो ग्रावेल | १,५०,००० |
| 9 | अनिता भन्डारी को घर देखी कालो पत्रे सम्म बाटो ग्रावेल | १,००,००० |
| 10 | भुक्केमार्ग देखी सेर्मा गाउँ जाने बाटो ग्रावेल | १,००,००० |
| 11 | ललित राजवंशीको घर उत्तर आर्यघाट सम्म जाने बाटो ग्रावेल | १,००,००० |
| 12 | झागाँटोली को ग्रामथान निर्माण | १,००,००० |
| 13 | मलामी टहरो देखी दुर्गा फर्म सम्म बाटो ग्रावेल | १,००,००० |
| 14 | ईश्वरी संग्रौला को घर पुर्व पैनी सम्म जाने बाटो ग्रावेल | १,००,००० |
| 15 | जल्पा देवी मन्दिर ग्राउन्ड फर्निसिङ तथा छानो | २,००,००० |
| 16 | देव बहादुर श्रेष्ठ घर देखी देवीथान जाने बाटो ग्रावेल | १,००,००० |
| 17 | चन्द्र बहादुर थापा को घर सम्म जाने बाटो ग्रावेल | १,००,००० |
| 18 | प्रगती टोल को समाज सेवा भवन मर्मत तथा घेराबारा | ५०,००० |
| 19 | धनपती मार्ग बाटो ग्रावेल | १,००,००० |
| 20 | श्री कृष्ण प्रणामी मन्दिर गजुर निर्माण | ३,००,००० |

| | | |
|---|---|---|
| 21 | मस्जीद देखी चन्दन टुडु तथा पुर्ण कार्कीको घर देखी नरपती संजेल को घरसम्म बाटो ग्रावेल | १,००,००० |
| 22 | महाविर राजवशीको घरछेउ ग्रामथान मर्मत | ५०००० |
| 23 | मदरगाछको अधुरो ग्रामथान मर्मत | २०,००० |
| 24 | तिनटोलीया जायरथान छाना देवल निर्माण् | १,००,००० |
| 25 | उलुघुटु को चर्च छाना देवल निर्माण | १,००,००० |
| 26 | मिलन वि.क को घर देखी  कामी बस्ती सम्मबाटो ग्रावेल | १,५०,००० |
| 27 | वडास्तरीय मर्मत सम्भार तथा बिबिध खर्च | २,००,००० |
| 28 | काजी बहादुर कार्कीको घर दक्षिण ज्योतीष मार्ग जोडने समृद्धि मार्ग ग्रावेल | १,५०,००० |
| 29 | समृद्धि चोकबाट उत्तर जिवन लम्सालको घर हुदै वडा नं ६ सिमानासम्म अधुरो बाटो मर्मत | ५०,००० |
| 30 | महिला ,लैडगिक हिंसा तथा दुर्व्यसन सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन | ५०,००० |
| 31 | टोलसुधार समितीलाइ मसलन्द खर्च | ८४,००० |
| 32 | जनकल्याड मा.वि मा छानो निर्माण | २,००,००० |
| 33 | बिपन्न परिवारलाइ स्वास्थ्य बिमा कार्यक्रम | ५०,००० |
| 34 | गड्यौले मल बिकास | १,००,००० |
| 35 | जैविक बिषादिको व्यवस्थापन तथा तालिम | १,५०,००० |
| 36 | माटो परिक्षण सिविर संचालन | ५०,००० |
| 37 | कृषि यान्त्रिकरण खरिद तथा वितरण | २,५०,००० |
| 38 | लोक बहादुर बस्नेतको घर उत्तर बाटो ग्रावेल | १,००,००० |
| 39 | बेमौसमी तरकारी खेती तालिम कार्यक्रम | १९०,००० |
| | जम्मा | ५१,००,००० |

सभाध्यक्ष महोदय एवं गाउँसभाका सदस्यज्यूहरू,

अब म झापा गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसंग माग गर्ने योजनाहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु

**क. <u>झापा गाउँपालिका ले सङ्घीय सरकारसँग माग गर्ने योजनाहरु :</u>**

१.आदिवासी ,जनजाति,मधेसी,मुस्लीम,दलीत लगायत विपन्न वर्गका लागी आवास निर्माण ।

२.लक्ष्मीमार्ग कन्काई देखी भारतको बोर्डरसम्म कालोपत्रे ।
३ सामुदायिक भवन कामाटोली बजारमा निर्माण वडा नं ३ ।
४. फुलगाछी देखी वियर फ्याक्ट्रीसम्म कालोपत्रे ।
५.सेतुमारी देखी सालमारासम्म कालोपत्रे ।
६. वडा न. १ को सितुमारी सालमारा जाने बाटोको सानोमाइ खोलामा पक्की पुल ।
७. सडकवाडी देखी सिमलवाडी सम्म कालोपत्रे मर्मत (सडकवोर्ड संग माग गर्ने)
८.बिरीङ नदी,कन्काई नदी,सानोमाई नदी तटबन्धनका लागी माग गर्ने ।
९. भानुभक्त स्कुलदेखि ज्यामिरे चोक हुँदै चर्तागाछी सम्म सडक कालोपत्रे (सडक बोर्ड सँग माग गर्ने)
१०. वडा नं २ को सिर्जना बस्तीको सानो माई खोलामा पक्किपूल
११. वडा नं ७ को बेलडाँगी जाने सानोमाई खोलामा पक्कि पूल
१२. वडा नं ६ को चन्द्रबस्तीदेखि बाह्रदशीको चकचकी जाने बिरिंग खोलामा झोलुंगे पूल

**ख. <u>झापा गाउँपालिकाले प्रदेश सरकारसँग माग गर्ने योजनाहरु :</u>**

१. सबै वडामा सिचाईका लागी स्यालोटेवल जडान १००० थान ।
२. गाउँपालिका भरी मकै जोन बनाउन आवश्यक रकम ।
३. गाउँपालिका भरी धान जोन बनाउन आवश्यक रकम ।
४. विद्युत विस्तार गाउँपालिका भरी ।
५. सानोमाई सिचाई ३ स्थानमा ।
६. झापा बजार,कामाटोली र सिमलवाडीमा टहरा निर्माण ।
७. कामाटोली देखी सिमलवाडी जाने सानोमाईको पक्की पुलमा ढुङ्गा जालीको व्यवस्था ।
८. महिलाहरुको लागी आयआर्जन र विभिन्न किसिमका क्षमता अभिवृद्दि तालिम माग गर्ने ।
९. पशु पालन अन्तगर्त किसानहरुको लागी ७ स्थानमा पकेटक्षेत्र माग गर्ने ।
१०.वालुवाटार, श्रृजनावस्ती,सानोमाईमा पक्कीपुल ।
११. किराँतचोक देखी मदरगाछ जाने बाटोमा पक्की पुल ।
१२. सिमलवाडी देखी टप्पुजाने खोल्सीमा पक्कीपुल ।
१३. होक्लाबारी खोल्सीमा पक्की पुल ।
१४. गणित गाउँ रूहिमारी ज्यामिरे चोक हुँदै झापा बजारसम्म सडक कालोपत्रे ।
१५. श्रृजनावस्ती बाट बालुवाटार जाने सानो माईमा झोलुङगे पुल ।
१६. श्याम सुन्दर बगानदेखी गैरीगाउँ जाने सानो माईमा झोलुङ्गे पुल ।
१७. ग्रहणलाल बाध बाट नयाँटोल जाने खोल्सीमा झोलुङ्गे पुल ।
१८. राधावस्ती देखी चकचकी जाने विरीङ खोलामा झोलुङ्गे पुल ।

१९. बालुवथान देखी डाँगीबारी जाने विरीङ खोलामा झोलुङ्गे पुल ।

२०. बेलडाँगी पुर्व सानोमाईमा झोलुङ्गे पुल ।

२१. अमरपथ, मुखियागाउँ, गणीतगाउँ, खार्मेलीचोक, दोसाखी हुँदै झापाबजार कालोपत्रे ।

२२. दुग्ध चिस्यान केन्द्र स्थापना, कामाटोली ।

२३. कोल्ड स्टोर स्थापना, कामाटोली ।

२४. मकै ड्राई मेसिन स्थापना, कामाटोली ।

**ग.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरु**

१ वडा नं. १ को लसुना, मिलनवस्ती, लसुनगन्ज,वीरसिंह गाउँ, कृषिमार्ग, पानालाल गाउँ, बाटो मर्मत।

२ वडा नं.२ कुवाड़ी, सडकबारी, झापाबजार, सृजनाबस्ती, सुगाबथान, हवल्दार बस्ती बाटो मर्मत ।

३ वडा नं.३ को कामाटोलि, गैरिगाउँ, लालमोहर, ज्यामिरेचोक, सिमलवाडी, मुखियागाउँ, गणितगाउँ, गोपिचोक, पर्वतेगाउँ बाटो मर्मत।

४ वडा नं. ४ को चर्तागाछी, दोसाखी, पेचकारनी वस्ती, खैरवारी भाङटोलि, टाघनडुब्बा, सडक मर्मत।

५ वडा नं.५ को पुरानो शरणामती, राधावस्ती, पन्थापाडा, होक्लावारी, मुस्लिम गाउँ सडक मर्मत ।

६ वडा नं. ०६ को चन्द्रावस्ती, दुर्गाचोक, बालुबथान, चन्द्रकित्ता, नयाँवस्ती, सानो चप्रामारी, झाटी, फुलगाछी बाटो मर्मत।

७ वडा नं. ७ को मदरगाछ, जनमघुट्टी, पिपलचोक, बेलडाँगी टप्पु, चौधरी टोल लगायत विभिन्न ठाउमा मर्मत।

८ ७ वटै वडामा बिभिन्न स्थानहरुमा वृक्षारोपण ।

९ रानी वन पोखरी निर्माण तथा मर्मत ।

१० पर्यटन विकासका लागि बिभिन्न कार्यक्रमहरु।

११ सबै वडाका पैनीहरु तथा बाँस, काठका पूलहरु मर्मत।

१२ स्वास्थ्य चौकीहरु मर्मत तथा अन्य कार्य, योगाका लागि टहरा निर्माण

१३ लक्ष्मी मार्ग मर्मत। (कन्काईको सीमादेखि भारत बोर्डर सम्म)

१४ जनताको तटबन्धका बाँधहरु मर्मत। (वडा नं. १,२,३,५,६,७)

१५ विद्यालय भवन र खेलमैदान तथा मठमन्दिर मर्मत।

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,

एकात्मक, केन्द्रिकृत, राजनैतिक तथा प्रशासनिक राज्य व्यवस्थाले आम नागरिकको विकासको चाहानालाई सम्बोधन गर्न नसकेको अवस्थालाई मध्यनजर गर्दै संघीय

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप स्थानीय तहको निर्वाचन मार्फत जनताले सुम्पिएको विकासको चाहनालाई पूरा गर्न हामी पाचौं बर्षमा प्रवेश गरिरहँदा हाम्रो सामू अवसर तथा चुनौतीहरू भएतापनि बजेटलाई समावेशी, सन्तुलित, जनमुखी, संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख बनाउन अधिकतम प्रयत्न गरेको छु । यस कार्यमा अमुल्य राय सुझावका साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने कार्यपालिका, वडागत समितिहरू, सबै राजनैतिक दलहरू, सरोकारवालाहरू, संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दै पालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई बिशेष धन्यवाद दिन चाहन्छु । बजेट तथा कार्यक्रमलाई व्यापक रूपमा छलफल तथा आवश्यक संसोधन गरी पारित गर्न सम्मानित सभामा अनुरोध गर्दै यस बजेटको कार्यान्वयनका लागि बिशेष अपील गर्दछु ।

धन्यवाद ।

**<u>प्रस्तुतकर्ता</u>**

(कुन्तिदेवी बुढाथोकी )

उपाध्यक्ष

झापा गाउँपालिका

२०७८ साल असार १० गते बिहीबार

# अनुसूची – १

| क्र.सं. | चालु खर्चको बाडफाड | रकम रू हजारमा |
|---|---|---|
| | | आ.व. २०७८।०७९ |
| १ | भ्रमण खर्च | १३००००० |
| २ | विविध खर्च | २०००००० |
| ३ | सभा सञ्चालन खर्च | ४००००० |
| ४ | घर भाडा | ८००००० |
| ५ | सवारी साधन मेसिनरी | ७००००० |
| ६ | भैपरी आउने चालु खर्च | १०००००० |
| ७ | गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्टि | १००००० |
| ८ | अध्ययन अनुशन्धान तथा अवलोकन भ्रमण कार्यक्रम खर्च | २००००० |
| ९ | ऐन, नियम, कार्यविधि लगायत कानुन निर्माण सम्बन्धि विभिन्न कार्यक्रमहरू | २००००० |
| १० | कार्यक्रम खर्च अन्य | ४००००० |
| ११ | वडा स्तरिय चालु खर्च | २८००००० |
| १२ | इनधन | १२००००० |
| १३ | सवारी साधन मर्मत खर्च | १२००००० |
| १४ | विमा तथा नविकरण खर्च | ३००००० |
| १५ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३००००० |
| १६ | मसलन्द तथा कार्यालय सामाग्री | २३००००० |
| १७ | पुस्तक तथा सामाग्री खर्च | १००००० |

| | | |
|---|---|---|
| १८ | इन्धन अन्य प्रयोजन | १००००० |
| १९ | पत्र पत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | १९००००० |
| २० | सेवा र परामर्श खर्च | १०००००० |
| २१ | कर्मचारी तलव | २६०००००० |
| २२ | कर्मचारी बैठक भत्ता | २००००० |
| २३ | संचय कोष | १३००००० |
| २४ | अन्य भत्ता | ४००००० |
| २५ | पदाधिकारी बैठक भत्ता | १५००००० |
| २६ | पदाधिकारी अन्य सुविधा | ६०००००० |
| २७ | कर्मचारी कल्याण कोष | ४००००० |
| २८ | पानी तथा विजुलि | ४००००० |
| २९ | सञ्चार | ७००००० |
| ३० | सवारी साधन भाडा | ३००००० |
| ३१ | बाल शिक्षक तथा विद्यालय कर्मचारी | ५६००००० |
| ३२ | थप कर्मचारी सेवा शुल्क(भुमि सम्वन्धी) | १०००००० |
| ३३ | मदरसा तलव भत्ता | ३२४०००० |
| **जम्मा** | | **६,५३,४०,०००** |

# अनुसूची – २

| | | |
|---|---|---|
| **आर्थिक विकास** | | **२ करोड ३३ लाख** |
| **कृषि तथा सहकारी विकास** | | **२ करोड २३ लाख** |
| सहकारी विकास | ६ लाख | |
| उन्नत बिउ बिजन | ५० लाख | |
| कृषक तालिम | २ लाख | |
| सिचाई व्यवस्थापन | ३० लाख | |
| कृषक, कृषि समूह, सहकारी तथा संघ संस्था सगको साझेदारी अनुदानमा कृषिजन्य मेसिन खरिद | ३५ लाख | |
| कृषिको लागि विद्युत विस्तार तथा व्यवस्थापन | १ करोड | |
| **पर्यटन** | ४ लाख | **४ लाख** |
| **पशु सेवा विकास** | | **६ लाख** |
| नश्ल सुधार कार्यक्रम | ३ लाख | |
| पशु आहारको लागि घासको विउ वितरण | १ लाख | |
| पशुरोग नियन्त्रण | २ लाख | |

## अनुसूची – ३

| | | |
|---|---|---|
| **पूर्वाधार विकास** | | **११करोड ९० लाख** |
| वडा स्तरीय आयोजना ५१ लाखका दरले( ३ नं. वडालाई थप ३ लाख समेत) | ३ करोड ६० लाख | |
| गाउ स्तरीय गौरवका आयोजना | ४ करोड ९० लाख | |
| समपुरक कोष | ६० लाख | |
| सानातिना मर्मत | ६५ लाख | |
| आकस्मिक कोष | ५० लाख | |
| विपन्न आवास कार्यक्रम | ७० लाख | |
| गाउपालिका तथा वडा स्तरीय कार्यालय भवन | ५० लाख | |
| लक्ष्मीमार्ग सडक स्तरोन्नति | १० लाख | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ५ लाख | |
| सफ्टवेयर खरिद | १५ लाख | |
| आवधिक योजना तथा सम्भाव्यता अध्ययन आई.ई.ई., डि.पि.आर. लगायत विभिन्न आयोजनाहरू तथा कार्यक्रमका लागि परामर्श सेवा | १५ लाख | |

## अनुसूची – ४

| | | |
|---|---|---|
| **वन, वातावरण तथा सरसफाई** | | **६ लाख** |
| वन तथा वृक्षारोपण | २ लाख | |
| फोहोरमैला तथा सरसफाई तथा खानेपानी व्यवस्थापन | ४ लाख | |

## अनुसूची – ५

| | | |
|---|---|---|
| **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन** | | **८ लाख ३५ हजार ५ सय** |
| सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई | १ लाख | |
| मेसनरी औजार | २ लाख ३५ हजार ५ सय | |
| कर्मचारीहरूको सूचना प्रविधि, खरिद तथा कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | २ लाख | |
| मेलमिलाप कर्ताको पुनर्ताजकी तालिम | १ लाख | |
| मेलमिलाप समिति कार्यालय व्यवस्थापन तथा विविध | १ लाख | |
| न्यायीक समिति अध्ययन, अवलोकन तथा विविध खर्च | १ लाख | |

## अनुसूची – ६

| | | |
|---|---|---|
| **सामाजिक विकास** | | **२ करोड ७० लाख ३० हजार** |
| **शिक्षा विकास तथा सुधार** | | **१ करोड ८ लाख** |
| शिक्षा विकास | १० लाख | |
| जनता मा.वि.लाई क्याम्पस | १० लाख | |
| विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवं जनता र डिल्लीराज मा.वि. मा निःशुल्क प्लस टु शिक्षा कार्यक्रम | ६० लाख | |
| कक्षा ९ मा अध्ययन गर्न भर्ना हुने छात्राको लागि साइकल वितरण | २० लाख | |
| विद्यालय संचालन अनुदान | ३ लाख | |

| | | |
|---|---|---|
| विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम (मुस्लीम, एस.इ.इ मा सर्वोत्कृष्ठ विद्यार्थी,तुलषा हेमरम छात्रवृत्ति) | ५ लाख | |
| **स्वास्थ्य सेवा सुधार** | | ४९ लाख ८० हजार |
| कोरोना भाइरस व्यवस्थापन | ५ लाख | |
| स्वास्थ्य जीवन तथा योग, ध्यान, विपसना | १ लाख | |
| आयुर्वेद सेवा कार्यक्रमहरू | ४ लाख | |
| विपन्न वर्गका दलित तथा अन्य वर्गका लागि स्वास्थ्य बिमा कार्यक्रम | ५ लाख | |
| **उपाध्यक्ष** बाल तथा मातृ शिशु स्याहार कार्यक्रम | ३ लाख | |
| जिरो होम डेलिभेरीका लागि नि : शुल्क एमबुलेन्स सेवा | ५ लाख | |
| ल्याब सामाग्री व्यवस्थापन | ३ लाख ५० हजार | |
| स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य चौकीको मर्मत तथा फर्निचर तथा अन्य पक्षको सुधार | १ लाख | |
| जनता उपचार कार्यक्रम | ३ लाख | |
| म.स्वा.स्वं.से. प्रोत्साहन मासिक रू २५०० का दरले | ९ लाख ३० हजार | |
| औषधी खरिद | १० लाख | |
| **युवा तथा खेलकुद** | | १७ लाख |
| अध्यक्ष कप फुटबल, भलिबल, क्रिकेट | ६ लाख | |
| उपाध्यक्ष खेलकुद विकास कार्यक्रम | १ लाख ५० हजार | |
| खेलकुद विकास कार्यक्रम | ४ लाख | |
| युवा उद्यमशिलता प्रवर्द्धन तथा विकास | ३ लाख | |
| खेलाडी सम्मान तथा अन्य कार्यक्रम | १ लाख | |
| झापा गाउपालिका स्तरीय राष्टपति रनिंग सिल्ड | १ लाख | |
| साहित्य विकास | ५० हजार | |
| **महिला सशक्तिकरण** | | १८ लाख |
| मधेसी, दलित, मुस्लीम, फरक क्षमता खस आर्य, जनजाति, आदिबासी तथा पिछडिएका वर्गका महिलाहरूलाई निजामती सेवातर्फ आकर्षण गर्न विशेष क्षमता अभिवृद्धि कार्यक्रम | ३ लाख | |

| | | |
|---|---|---|
| मुस्लीम, आदिबासी, जनजाती, पिछडिएका वर्ग, आर्थिक रुपले विपन्न खस आर्य लगायत सबै महिलाहरूको महिलाहरूको शिप विकास क्षमता | ७ लाख | |
| बाल पोषण तथा प्रति सुत्केरी सहायता (रु २००० का दर) | ५ लाख | |
| प्रबिधिमैत्री झोला निर्माण तथा सिलाईबुनाई | ३ लाख | |
| **ज्येष्ठ नागरिक भत्ता वितरण ( ८४ वर्ष माथि विदुर एकल भत्ता तथा अन्य कार्यक्रम )** | **१८ लाख** | **१८ लाख** |
| **बालबालिका** | | **३ लाख** |
| दलित जन्म दर्ता सहयोग रू १००० | ५० हजार | |
| बालबालिकासग अध्यक्ष तथा उपाध्यक्ष कार्यक्रमक | ५० हजार | |
| दिवस तथा अन्य कार्यक्रम | ५० हजार | |
| बाल क्लब व्यवस्थापन | १ लाख ५० हजार | |
| **शहिद परिवार, विशिष्ठ कर्मचारी सम्मान कार्यक्रम** | **१ लाख** | **१ लाख** |
| **अपांग शसक्तिकरण कार्यक्रम तथा केन्द्र व्यवस्थापन** | **३ लाख ५० हजार** | **३ लाख ५० हजार** |
| **धर्म संस्कृति परम्परा जगेर्ना** | **३ लाख** | **३ लाख** |
| **सर्पदंश उपचार सहायता** | **५ लाख** | **५ लाख** |
| **विपन्न वर्गलाई रेडक्रस झापाको साझेदारीमा रक्तदान कार्यक्रम** | **४ लाख** | **४ लाख** |
| **२० युनिट सम्म विद्युत खपत गर्ने परिवारलाई निःशुल्क विद्युत सहायता** | **२० लाख** | **२० लाख** |
| **जन्म तथा मृत्यु संस्कार सहायता (प्रतिपरिवार रु १०,००० का दर)** | **२० लाख** | **२० लाख** |